# प्रेस विज्ञप्ति

कोभिड खोप प्रमाणपत्रको पारस्परिक मान्यताका लागि भारत सरकार स्वास्थ्य एवम् परिवार कल्याण मन्त्रालय र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबीच एक समझदारी पत्रमा हस्ताक्षर भयो ।

२. आज मिति २०७८ मंसिर ७ गते स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा आयोजित एक समारोहका बीच माननीय स्वास्थ्य तथा जनसंख्या मन्त्री श्री विरोध खतिवडाको उपस्थितिमा नेपालका लागि भारतीय राजदूत महामहिम श्री विनय मोहन क्वात्रा र नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव श्री डा रोशन पोखरेलबीच एक समझदारी पत्रमा हस्ताक्षर भयो ।

३. पूर्ण रुपमा कोभिड-१९ खोप लगाइसकेका दुवै राष्ट्रका यात्रुहरुको यात्रा सहज बनाउन यो समझदारी पत्र एक महत्वपूर्ण कदम हुनुका साथै भारत र नेपालबीचको कोभिड-१९ सम्बन्धी बलियो सहकार्य र समन्वयमा अर्को कोशेढुङ्गा साबित हुनेछ ।

भारतीय राजदूतावास<br>
काठमाडौं,<br>
२०७८ मंसिर ७